महोत्तरी जिल्लाको जलेश्वरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३८ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ फागुन १० गते देखि १२ गतेसम्म महोत्तरी जिल्लाको ईन्द्रेणी होटल एण्ड लज जलेश्वरमा **“व्यवसायिक तरकारी खेती तालिम”** सम्पन्न गरेको संस्थाका जलेश्वर शाखा कार्यालयका शाखा प्रमुख श्री पितम्मर नाथ कवंरले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री अषेश कुमार पाण्डे, श्री हृदय नारायण ठाकुर, श्री रुद्रकानत झा र श्री खुरसैद आलम रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवादिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नतीतिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय व्यवस्थापक श्री दिपेन्द्र कुमार यादवले बताएकाथिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको जलेश्वर शाखा कार्यालयका प्रमुख श्री पितम्मर नाथ कवंरले प्रकाश पारेका थिए ।

तालिममा हिउंदे तरकारी खेती प्रविधि (काउली, बन्दा, ब्रोकाउली र गांठगोबी), करेसाबारीको परिचय र महत्व साथै टमाटर, भन्टा, खुर्सानी, भिन्डी खेती प्रविधि तरकारीको नर्ससरी बनाउने तरीका, लहरे खेती प्रविधि, (लौका, कांको, फर्सी, करेला, घिरौला) जरे तरकारी (मुला, गाजर,

सलगम) र कोसे तरकारी (सिमी, बकुला, बोडी, केराउ) खेती प्रविधि तरकारी खेतीमा मलखादको प्रयोग सिंचाई तथा व्यवस्थापन, सागबाली खेती र बेमौसमी तरकारी खेती प्रविधि तरकारीबालीमा लाग्ने रोग तथा किराहरुको जानकारी तथा विषदी व्यवस्थापन तरकारी बालीमा उचित पोष्ट हार्भेष्ट र बेचबिखन कसरी बढी मूल्य पार्ने तथा बजार व्यवस्थापन । सम्बन्धी विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदिबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने जलेश्वर शाखाका शाखा प्रमुख श्री पितम्मर नाथ कवंरले बताएका थिए ।



यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ। तरकारीखेती गरीरहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका जलेश्वर शाखाका शाखा प्रमुख श्री पितम्मर नाथ कवंरले जानकारी गराएका थिए । साथै थरुवाही ख महिला समाज कि मृतक सदस्य श्रीमती फुला देवी यादवको श्रमिान श्री जय किशोर यादवलाई ग्रामिण कर्जा बिमा क्षतिपुर्ति रकम रु.१,४०,०००। अक्षरेपी रु. एक लाख चालिस हजार रुपैया मात्र क्षेत्रीय कार्यालयका व्यस्थापक श्री दिपेन्द्र कूमार यादवले वितरण गर्नू भएको थियो ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री पुष्पा देवी झा, सहभागी श्री मिनु राय, नगिना देवी तथा किरण देवीले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा तरकारी खेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारी खेती गरी रहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको

संस्थाका क्षेत्रीय व्यवस्थापक श्री दिपेन्द्र कूमार यादवले जानकारी गराएका थिए। तालिमको संचालन जलेश्वर शाखा प्रमुख श्री पितम्मर नाथ कवंरले गरेका थिए ।

